# निर्यातजन्य कृषि वस्तु प्रवर्धन कार्यक्रम सञ्चालन मापदण्ड, २०८२

*(मा. मन्त्रिस्तरबाट स्वीकृत मितिः २०८२/०५/१५)*

*(पहिलो संसोधनः २०८२/०८/१९)*

*(दोस्रो संसोधनः २०८३/०५/०१)*

**<u>प्रस्तावनाः</u>** निर्यातजन्य कृषि वस्तुको उत्पादन वृद्धि गरी आयात न्यूनीकरण तथा निर्यात प्रवर्धनका लागि निर्यातजन्य कृषि वस्तु प्रवर्धन कार्यक्रम सञ्चालन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले यो मापदण्ड तयार गरेको छ।

## १. <u>प्राविधिक पक्षः</u>

(क) यस कार्यक्रममार्फत निर्यातजन्य कृषि वस्तु जस्तै कफी, अलैंची, अदुवा, बेसार, चिया, मह, [α]उखु र अकबरे खुर्सानीमध्ये कुनै एक बालीको उत्पादन प्रवर्धन/बजारीकरण गर्नुपर्नेछ।

(ख) यस कार्यक्रममा सहभागी हुन ईच्छुक कृषि फर्म/कम्पनी, कृषक समूह वा कृषि सहकारी संस्थाले प्रस्ताव पेस गर्न सक्नेछन्।

(ग) यस कार्यक्रममार्फत क्षेत्र विस्तार तथा उत्पादन प्रवर्धन वा बजारीकरण प्रवर्धन सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्नु पर्नेछ।

(घ) क्षेत्र विस्तार तथा उत्पादन प्रवर्धन अन्तर्गत उत्पादन सामाग्री, यन्त्र उपकरण तथा औजार, सिँचाइ पूर्वाधार निर्माण आदि क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ।

(ङ) बजारीकरण प्रवर्धन अन्तर्गत कृषि उपजको उत्पादनोपरान्त क्रियाकलापहरु जस्तै ग्रेडिङ, प्याकेजिङ, प्याकिङ, प्रशोधन लगायतका क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ।

(च) उत्पादन गरिरहेका आवेदकले बजारीकरण प्रवर्धन गर्न तथा नयाँ कृषि बालीको उत्पादन सुरु गरी वा क्षेत्र विस्तार गर्न चाहने कृषकले देहाय बमोजिमको न्यूनतम क्षेत्रफलमा खेती गर्नु पर्नेछ।

| निर्यातजन्य कृषि वस्तु | बजारीकरण प्रवर्धन (हालको उत्पादनशील क्षेत्रफल (रोपनी)/संख्या) | | क्षेत्र विस्तार तथा उत्पादन प्रवर्धन (नयाँ स्थापना तथा विस्तार हुने क्षेत्रफल (रोपनी)/संख्या) | |
|---|---|---|---|---|
| | समूह/सहकारी | कृषिफर्म/ कम्पनी | समूह/सहकारी | कृषि फर्म/कम्पनी |
| कफी, अलैंची, चिया | ३० | १० | ३० | १० |
| [α]उखु | ३० | १० | ३० | १० |

---
[α] दोस्रो संशोधनद्वारा थप गरिएको।

| | | | | |
|---|---|---|---|---|
| अदुवा, बेसार | २५ | १० | २५ | १० |
| अकवरे खुर्सानी | २० | ८ | २० | ८ |
| [®]मह (मौरी घार) | ५० | २० | ५० | २० |

**२. आर्थिक पक्षः**

(१) स्वीकृत बजेटको परिधिभित्र रही कृषि अनुदान सम्बन्धी क्रियाकलापहरुमा अनुदानको सीमा "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" बमोजिम हुनेछ।

(२) कृषि पूर्वाधार निर्माण (समुदायस्तर लाभान्वित हुने साना सिंचाई संरचना निर्माण तथा मर्मत र उत्पादनसँग सम्बन्धित पूर्वाधार निर्माण) कार्यको हकमा बढीमा ९० प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ। व्यक्तिगत कृषि फर्मको हकमा बढीमा ५० प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

(३) आवश्यकताका आधारमा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले कार्यक्रमको लागि विनियोजित कुल बजेटको ३% नबढ्ने गरी अभिमुखीकरण कार्यक्रम तथा अनुगमन मूल्याङ्कनमा खर्च गर्न सक्नेछ।

[1] (४) प्रति अनुदानग्राहीको लागि अनुदानको अधिकतम सीमा वार्षिक बजेटको परिधिभित्र रही हुनेछ।

**३. प्रस्ताव मूल्याङ्कनका आधारः**

[α]आवेदकले पेस गरेको प्रस्ताव बमोजिम स्थलगत अनुगमन हुँदा प्राविधिक विषयहरु (प्रस्तावित बाली र जात, हावापानी र भौगोलिक उपयुक्तता आदि) का आधारमा उपयुक्त देखिएका प्रस्तावलाई मात्र देहाय बमोजिम मूल्याङ्कन गरिनेछ।

| क्र.सं. | मूल्याङ्कनका आधार | अङ्कभार |
|---|---|---|
| **(१)** | **निर्यातजन्य बाली खेती गर्ने/गरिएको क्षेत्रफल/संख्या** | **३०** |
| (क) | तोकिएको न्यूनतम क्षेत्रफल/संख्या | १५ |

---

[®] पहिलो संसोधन, २०८२।

[1] पहिलो संसोधन, २०८२।

[α] दोस्रो संशोधनद्धारा थप गरिएको।

| | | |
|---|---|---|
| (ख) | तोकिएको न्यूनतम क्षेत्रफल/संख्या भन्दा बढी प्रत्येक ५% को लागि १ अङ्कका दरले बढीमा १५ अङ्क | १५ |
| **(२)** | **सिँचाइ सुविधा/चरन क्षेत्र** | **१०** |
| (क) | सिँचाइको सुविधा/चरन क्षेत्र भएको | १० |
| (ख) | सिँचाइको सुविधा/चरन क्षेत्र व्यवस्था गर्न सकिने | ५ |
| **(३)** | **अनुदानको अवस्था** | **१०** |
| (क) | पछिल्लो दुई आ.व.मा कृषि सम्बन्धी कार्यको लागि अनुदान प्राप्त नगरेको | १० |
| (ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेतापनि व्यवसाय/क्षेत्र प्रस्ताव पेश गरेको विस्तारका लागि | ५ |
| ✂(४) | **..........................................................................................** | **............** |
| ✂(क) | ...................................................................................................... | ............. |
| ✂(ख) | ...................................................................................................... | ............... |
| **(५)** | **अनुभव** | **१०** |
| (क) | सम्बन्धित बालीको व्यावसायिक उत्पादन/बजारीकरण गर्ने गरेको | १० |
| (ख) | सम्बन्धित बालीको व्यावसायिक उत्पादन/बजारीकरण नगरेको | ५ |
| **(६)** | **बजारीकरणको अवस्था** | **१०** |
| (क) | उत्पादनको बजार सुनिश्चित भएको | १० |
| (ख) | बजार खोज्नुपर्ने अवस्था रहेको | ५ |
| **(७)** | **निर्यात सम्बन्धी अनुभव** | **१०** |
| *(क) | कृषि वस्तुको निर्यात गरेको प्रमाण खुल्ने कागजात | १० |
| *(ख) | कृषि वस्तुको निर्यात तथा बिक्री वितरण सहितको आशयपत्र | ५ |
| **(८)** | **व्यावसायिक योजना सम्बन्धी प्रस्ताव** (नवीनतम सोच, दिगोपना, बजार योजना लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि २० अङ्कसम्म प्रदान गर्न सक्ने) | *२० |

✂ दोस्रो संशोधनद्वारा झिकिएको।

* दोस्रो संशोधनद्वारा संशोधित।

| | जम्मा | १०० |
|---|---|---|

४. **निवेदनसँग संलग्न गर्नुपर्ने कागजातहरु:**

(१) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा १७ को उपदफा (३) बमोजिमका कागजातको अतिरिक्त देहायका कागजातहरु पेस गर्नुपर्नेछ:

(क) समूह/सहकारीको बैठक निर्णयको प्रतिलिपि,

(ख) खेती गरिने यथार्थ क्षेत्रफल सम्बन्धी विवरण खुलेको प्रस्तावित क्षेत्रको जग्गाधनी पूर्जाको प्रतिलिपि र जग्गा लिजमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा न्यूनतम १० वर्षको करार सम्झौताको प्रतिलिपि।

(२) निवेदनको ढाँचा र कार्यक्रम प्रस्तावको ढाँचा "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा १७ को उपदफा (२) बमोजिमको हुनेछ।

५. **संशोधन:** मन्त्रालयले आवश्यकता अनुसार यो मापदण्ड संशोधन गर्न सक्नेछ।

६. **प्रचलित कानुन बमोजिम हुने:** यो मापदण्डमा उल्लेख भएका विषयहरु यसै बमोजिम र अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।

७. **खारेजी र बचाउ:** (१) मसलाबाली प्रवर्धन कार्यक्रम सञ्चालन मापदण्ड, २०७७ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमका मापदण्ड अनुसार भए गरेका काम कारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।